मोफसलको सर्वाधिक लोकप्रिय राष्ट्रिय दैनिक

पूर्वाञ्चल

श्रीअन्तु प्रकाशन (प्रा.)लि.

२५ Purwanchal National Daily

◆ वर्ष : २५ ◆ अङ्क : २९८ ◆ पृष्ठ ४ ◆ बिर्तामोड ◆ वि.सं. २०७७ असोज १२ गते सोमवार (Monday, September 28. 2020) नेपाल सम्वत् ११४० Web : www.purwanchaldaily.com ◆ मूल्य रु. : ५/- भारतमा भारु. : ४/-

सूचना

विद्यालयलाई शान्ति क्षेत्र बनाऔं, बन्द हड्ताल, राजनीतिक क्रियाकलाप, हिंसात्मक गतिविधिबाट टाढै राखौं ।

नेपाल सरकार
सञ्चार तथा सूचना प्रविधि मन्त्रालय
सूचना तथा प्रशारण विभाग

कारागारको छतमा आइसोलेसन

कोरोनाले थप एकको मृत्यु

झापा, असोज ११। जिल्ला कारागार झापाको छतमा आइसोलेसन कक्ष निर्माण थालिएको छ। सात कैदीबन्दीसहित १० जनालाई कोरोना संक्रमण पुष्टि भएपछि जिल्ला प्रशासन कार्यालय झापाले कारागारको छतमा आइसोलेसन कक्ष बनाउन शुरु गरेको हो ।

१ नम्वर प्रदेश सरकारसंग समन्वय गर्दै दुई वटा आइसोलेसन वार्ड बनाउन शुरु गरेको प्रमुख जिल्ला अधिकारी श्रवणकुमार तिमिल्सिनाले बताए । ३६ लाख रुपैयाँको लागतमा कारागारको छतलाई व्यस्थापन गर्दै आइसोलेसन कक्ष निर्माण थालिएको प्रजिअ तिमिल्सिनाले बताए । जसका लागि डीपीआर तयार गर्दै काम शुरु गरिएको जिल्ला प्रशासन कार्यालय झापाले जनाएको छ ।

कारागारमा रहेका कैदीबन्दीमध्ये असोज ५ गते १७ जनाको पीसीआर परीक्षण गराउँदा १० जनामा कोरोना संक्रमण पुष्टि भएको थियो । यसअघि असोज ५ गते कारागारका एक जना कैदीलाई संक्रमण देखिएको थियो । उनीहरुको उपचार भद्रपुरस्थित मेची प्रादेशिक अस्पतालको कोभिड उपचार केन्द्रमा भइरहेको छ। ३५० कैदीबन्दी राख्न सक्ने क्षमता भएको कारागारमा ५ बालबालिका, ८२ महिलासहित ११४३ जना कैदीबन्दीले कैद भुक्तानी गर्दै आएका छन् ।

क्षमता भन्दा तेब्बर बढी कैदीबन्दी रहेकाले संक्रमण फैलने डरले कारगारभित्र त्रास सृजना भएको छ। कारागारमा रहेका ज्येष्ठ, विरामी र अशक्त व्यक्तिलाई उच्च सुरक्षा अपनाएर छतमाथि बनाइएको आइसोलेसन कक्षमा बस्ने व्यवस्था मिलाइने जिल्ला प्रशासन कार्यालय झापाले जनाएको छ ।

झापा कारागारमा श्वासप्रश्वासका १०० जना, टीबीका २० जना, मृगौलाका ८ जना, मुटुका १२ जना, मानसिक विरामी ३५ जना, एचआइभीका ४ जना, मधुमेहका ३० जना र ज्येष्ठ नागरिक ९० जना कैदीबन्दी छन् ।

कारागारभित्र कोरोना संक्रमण फैलिएसँगै उच्च सतर्कता अपनाइएको जिल्ला प्रशासन कार्यालय झापाले जनाएको छ। यसैबीच नेपाल रेडक्रस

(बाँकी अन्तिम पृष्ठमा)

श्री गणेशमान सिंह अध्ययन प्रतिष्ठान प्राविधिक तथा व्यवसायिक शिक्षालय, शिवसताक्षी, झापाको

बिद्यार्थी भर्ना सम्बन्धी सूचना

झापाको झिलझिलेमा सञ्चालित गणेशमान सिंह अध्ययन प्रतिष्ठान तथा व्यावसायिक शिक्षालय पोलिटेक्निकल कलेजद्वारा शैक्षिक सत्र २०७७/०७८देखि प्राविधिकधारतर्फ तीन वर्षे डिप्लोमा तहको सिभिल इञ्जिनियरिङ, कम्प्युटर इञ्जिनियरिङ र आइटी इञ्जिनियरिङका विषयमा पठनपाठन हुने भएको हुँदा सम्पूर्ण अभिभावकज्यूहरुले आफ्ना नानीहरूको विद्यालयमा भर्ना गरी समयमै सिट सुरक्षित राख्नहुन अनुरोध छ ।

कलेजका विशेषताहरु

- भूकम्प प्रतिरोधात्मक क्षमताका भवन भएको ।
- सुविधा सम्पन्न भौतिक साधन ।
- कम्प्युटर ल्याब भएको ।
- अनलाइनको सुबिधा भएको ।
- दक्ष तथा तालिम प्राप्त शिक्षक तथा प्राविधिकबाट पठनपाठन हुने ।
- कोलाहलरहीत एकान्त तथा खुल्ला वातावरण भएको ।
- प्रत्येक कक्षामा ४८ मात्र सिट क्षमता भएको ।
- इन्टरनेट सुविधा भएको ।

गणेशमान सिंह अध्ययन प्रतिष्ठान, प्राविधिक तथा व्यवसायिक शिक्षालय शिवसताक्षी नगरपालिका वडा नम्बर-११, झिलझिले, झापा

सम्पर्क नम्बर: अध्यक्ष: ९८१५९०४४३४ सचिब: ९८४२६२४६९६ कोअडिनेटर: ९८१८८८८६६८ कार्यालय: ०२३-४७०२५०

झिलझिले बजारदेखि चार सय मिटर तल । (झिलझिले माध्यमिक विद्यालय)

'इन्स्पेक्टर हुँ' भन्दै धम्क्याउने पक्राउ

झापा, असोज ११। झापामा 'इन्स्पेक्टर हुँ' भन्दै धम्क्याउने एक व्यक्ति पक्राउ परेका छन् । पक्राउ पर्नेमा कमल गाउँपालिका-५ बस्ने ५८ वर्षीय इन्द्रप्रसाद थापा रहेको इलाका प्रहरी कार्यालय दमकले जनाएको छ ।

प्रहरीका अनुसार कमल गाउँपालिकाका विभिन्न होटेलमा आफू इन्स्पेक्टर भएको परिचय दिँदै मदिराजन्य पदार्थ र मासुका परिकार खाएर पैसा नतिरी हिँड्ने गरेको होटेल सञ्चालकहरूले दिएको उजुरीको आधारमा प्रहरीले उनलाई पक्राउ गरेको इलाका प्रहरी कार्यालय दमकका डीएसपी बिजयराज पण्डितले जानकारी दिए ।

पक्राउ परेका उनलाई दमकमा राखिएको र यस विषयमा थप थप अनुसन्धान भइरहेको डीएसपी पण्डितले बताए ।

काँचो किवी बजारमा आउन थालेपछि अनुमगन

इलाम, असोज ११। बजारमा पाक्दै नपाकेको काँचो किवी आउन थालेपछि त्यसलाई रोक्न इलाममा बजार अनुगमन शुरु गरिएको छ ।

किवी पाक्ने अर्थात् फल टिप्ने समय अगावै बजारमा आएको किवी अमिलो हुने र त्यसलाई जति गुम्स्याए पनि नपाक्ने उपभोक्ताहरुबाट गुनासो आउन थालेपछि सहायक प्रमुख जिल्ला अधिकारी माधवप्रसाद ढुंगानाको नेतृत्वमा इलामको राँके र नेपालटार बजारमा अनुमन गरिएको हो ।

प्रधानमन्त्री आधुनिकीकरण परियोजना अन्तर्गत किवी जोन, कृषि ज्ञान केन्द्र इलाम, घरेलु तथा उद्योग कार्यालय इलाम तथा नेपाल पत्रकार

महासंघको प्रतिनिधिहरुको टोलीले अनुगमन गरी परीक्षण गर्दा किवी खान योग्य नभएको पाइएको थियो । किवी जोनका गंगा बिष्टका अनुसार यो समय रातो किवी मात्र पाक्ने सिजन भएको र त्यो मात्र किवी खानयोग्य हुन्छ । गुदी हरियो हुने किवी टिप्ने समय हुन अझै ४५ दिन जति लाग्ने उनले बताए । शनिबार परिक्षण गरिएको किवीको गुलियोपना ७ देखि ८ ब्रिक्स (गुलियोपना नाप्ने इकाइ) रहेको पाइएको छ । तर, किवीमा १२ ब्रिक्स गुलियोपना आएपछि मात्र टिप्न योग्य हुन्छ ।

यता कृषि ज्ञान केन्द्र इलामका प्रमुख टोनी बर्देबा किसान, व्यापारी र उपभोक्ताहरुलाई यस फलको सेवन गर्ने समय र तौरतरिका बारे जानकारी दिनु अझ उत्तम हुने बताउँछन् । साथै नेपालटारमा गरिएको बजार अनुगमनमा म्याद गुज्रिएको कोकाकोला, स्प्राइट र भुजिया पनि नष्ट गरिएको थियो ।

प्रेस विज्ञप्ति

मितिः २०७७/०६/११

अर्जुनधारा नगरपालिका वडा नं. ११, सुखानी शहीद स्मृति उद्यान परिसरको संरक्षणमा रहेको ३ वटा सिसौ प्रजातीको पूर्णतः सुकेको जीर्ण रुख गएको सोमवार ५ गते काटिएको सन्दर्भमा कुनै सत्यतथ्य सवुत बिना मेरो भनाइ समेत नबुझी एकपक्षीय र व्यवसायिक मर्यादालाई पालना नगरी केही मिडियाहरुले म माथि लाञ्छना लगाएको विषयप्रति मेरो गम्भीर ध्यानाकर्षण भएको छ ।

रुख कटान हुनुपर्छ भन्ने मेरो मान्यता होइन, आवश्यकताका आधारमा वृक्षारोपण समेत गर्नुपर्छ । म उद्यान व्यवस्थापन समितिको ३ कार्यकाल अध्यक्ष रहेर काम गर्दा शहीद उद्यान केन्द्रभित्र रहेको वनको योजनाबद्ध ढंगले व्यापक विस्तार एवम् वृक्षारोपण समेत गर्दै आएको सबैमा सर्वविदितै छ । सुखानी शहीद उद्यानको निगरानीमा रहेको यो वन व्यवस्थापन स्वभाविक रुपमा भू-स्वामित्व नेपाल सरकारको र भोगाधिकार प्रतिष्ठानले नै गर्ने हो ।

यस सन्दर्भमा वस्तुस्थितिको तथ्यपरक अध्ययन होस् भन्ने म चाहन्छु । विगत लामो समयदेखि नेपालका पाँच शहीदको रुपमा स्थापित सुखानी शहीद उद्यान केन्द्र शहीदको सम्झनाको केन्द्रको रुपमा प्रयोग गदै आएको यो क्षेत्रमा मेरो कार्यकालमा सामुदायिक भवन, पोखरी, कछुवा उद्धार तथा संरक्षण केन्द्र, प्रहरी चौकी स्थापना, पिकनिक स्पट निर्माण, झोलुङ्गे पुल, नाउँ सञ्चालन, बाल उद्यान जस्ता पर्यटन क्षेत्रको विकाससँगै यस क्षेत्रको पहिचानको लागि संक्रिय रुपमा खट्दै आएको आम जनसमुदायमा सर्वविदितै छ ।

मेरो बुझाईमा उद्यान परिसरभित्रको कछुवा उद्धार तथा संरक्षण केन्द्रमा खतरा रहेको र जनधनको क्षति देखिने भएकाले ती रुखहरुको बारेमा सुखानी शहीद उद्यान केन्द्र व्यवस्थापन समितिले आवश्यक छलफल समेत गर्ने गरेको छ । समितिको बैठकमा पनि ३ वटा रुख काट्ने सन्दर्भमा एजेण्डाको रुपमा प्रवेश गरेको र मौखिक सहमति समेत भएको मैले बुझेको छु । यसलाई अतिरञ्जित बनाएर कोरोना भाइरसविरुद्धको लडाई जित्ने हाम्रो अभियानलाई विषयान्तर गर्न चाहने र हाम्रो पार्टीको नेतृत्वको सरकारले केही गर्न सकेन भनेर दुष्प्रचार गर्ने मनसायका साथ यो विषयलाई उछालिएको विषय-प्रसंगले मेरो ध्यान खिचेको छ । यो आफैमा गम्भीर ध्यानाकर्षणको विषय हो । यसको सूक्ष्म अध्ययन भइरहेको छ ।

मानवीय अस्तित्व रक्षाको यो असाधारण र असामान्य बेलामा देशदुनियाा उच्च सर्तकता अपनाउँदै अहोरात्र खटिरहेको छ । यस प्रदेश नम्बर(२ (ख) क्षेत्रमा सरकार र पार्टीको हैसियतमा काम गर्दै आएको छु । यस्तो अवस्थामा मलाई रुख कटानसँग जोडेर निरुत्साहित गर्ने मनसाय प्रकट भएको प्रष्ट बुझिन्छ । सम्पूर्ण मानव जातिको सेवामुखी एउटा अपरिहार्य मिसनलाई प्रभावित हुन नदिई स्थानीय जनता र जनाहना अनुसार सम्बन्धित निकायले यो विषयको व्यवस्थापन गर्न माग गर्दै यस्ता विषयमा राजनीतिक प्रतिशोध नसाँध्नु हुन सम्बन्धित सबैको ध्यानाकर्षण गराएको व्यहोरा हार्दिक अनुरोध गर्दछु ।

बूखबहादुर प्रधान
प्रदेश सांसद, झापा क्षेत्र नं.२(ख)

हार्दिक बधाई तथा शुभकामना

श्री महेन्द्रकुमार गिरी

सहारा नेपालका परिकल्पनाकार, संस्थापक तथा वर्तमान सचिव, सहारा नेपाल साकोसका परिकल्पनाकार, सचिव तथा कार्यकारी प्रमुख, राष्ट्रिय सहकारी बैंकका सञ्चालक सदस्य, जिल्ला सहकारी संघ झापाका उपाध्यक्ष, गैरसरकारी संस्था समन्वय समिति झापाका पूर्वअध्यक्ष, सडक दुर्घटना न्यूनीकरण महाअभियानका संयोजक, समर्पण राष्ट्रिय अभियान तथा एकका लागि एक अभियानका परिकल्पनाकार तथा संयोजक, झापा गोल्डकपका पूर्वअध्यक्ष, स्वावलम्बन विकास केन्द्रका उपाध्यक्ष, सहारा अटो मोवायल्सका अध्यक्ष,सहारा कृषि अनुसन्धान केन्द्रका परिकल्पनाकार तथा मार्गदर्शक, चारपाने अर्जुनधारा विकास सोसाइटीका सल्लाहकार संयोजक, पूर्वाञ्चल इन्भेष्टमेन्ट कम्पनी प्रा.लि.का सल्लाहकार संयोजक झापा जिल्ला अर्जुनधारा नगरपालिका-५ निवासी सदैव सामाजिक तथा मानवीय सेवामा क्रियाशील सामाजिक अभियन्ता **श्री महेन्द्रकुमार गिरी**ज्यूलाई यस बर्षको संविधान दिवसको अवसरमा सम्माननीय राष्ट्रपतिज्यूबाट २०७७ असोज ३ गते **समाजसेवा रत्न पदक**द्वारा विभूषित गर्ने घोषणा भएकोमा हामी अत्यन्तै उत्साहित तथा हर्षित भएका छौं । यस पावन अवसरमा हामी उहाँप्रति हार्दिक बधाई तथा शुभकामना व्यक्त गर्दछौं । साथै आगामी दिनमा यहाँको समाजसेवा प्रतिको ऊर्जा र क्रियाशीलता अझ बढेर जाओस् भन्ने शुभकामना व्यक्त गर्दछौं ।

होमनाथ पौड्याल: वित्त व्यवस्थापक **युवराज शिवाकोटी** : कार्यक्रम निर्देशक

तथा **सहारा नेपाल सम्पूर्ण कर्मचारी परिवार**

बिर्तामोड-२, चारपाने, झापा

मेचीनगर प्रेस क्लवको नेतृत्व चयन, अध्यक्षमा लक्ष्मी

मेचीनगर, असोज ११। प्रदेश नं. १ का आन्तरिक मामिला तथा कानून मन्त्री हिक्मत कार्कीले यहाँका सम्भावना र समस्याको निरन्तर उठान गर्न पत्रकारहरुलाई आग्रह गरेका छन् ।

झापाको मेचीनगरस्थित काँकरभिट्टामा मेची बोर्डर जर्नालिस्ट एसोसिएसन र प्रेस क्लव मेचीनगरको एकीकरण पश्चात शनिबार भएको प्रथम अधिवेशनलाई प्रमुख अतिथिको आसनबाट बोल्दै मन्त्रीले यस्तो आग्रह गरेका हुन् ।

मेचीनगरका सञ्चारकर्मीहरुको छाता संगठनको रुपमा रहेको प्रेस क्लव तीन महिनाअघि तत्कालीन मेची बोर्डर जर्नालिष्ट एसोसिएसन र प्रेस क्लव मेचीनगरबीच एकीकरण भएको थियो । कार्यक्रमा विशिष्ट अतिथि १ नम्बर प्रदेश सांसद श्रीप्रसाद मैनाली, प्रमुख जिल्ला अधिकारी श्रवण तिम्सिना, मेचीनगर नगर प्रमुख बिमल आचार्य, उपप्रमुख मीना उप्रेती, प्राज्ञ सभा सदस्य सुभद्रा भट्टराई, पत्रकार महासंघ पूर्व केन्द्रीय सदस्य मोहन काजी, नेकपा मेचीनगर अध्यक्ष माधव अर्याल, नेपाली कांग्रेसका मेचीनगर उपसभापति सुरेन्द्र बुढाथोकी र पत्रकार जीएन शर्माले मन्तव्य व्यक्त गरेका थिए ।

त्यस अवसरमा मन्त्री हिक्मत कार्कीले अग्रज मेचीनगर पत्रकारिता पुरस्कारबाट जीएन शर्मा र प्रोत्साहन पत्रकारिता पुरस्कारबाट पत्रकार खगेन्द्र घिमिरेलाई क्रमशः नगद ११ हजार एक सय ११ र पाँच हजार पाँच सय ५५ सहित सम्मान प्रदान गरेका थिए ।

अधिवेशनको बन्दसत्रले आगामी दुई वर्षे कार्यकालका लागि प्रेस क्लव मेचीनगरको अध्यक्षमा लक्ष्मी उप्रेतीलाई चयन गरेको छ । उप्रेती सूर्योदय टेलिभिजन, पूर्वाञ्चल दैनिक, मेरो मेचीनगर अनलाइन मिडियामा आवद्ध छन् ।

क्लवको १५ सदस्यीय नेतृत्वमा उपाध्यक्षमा शिशिर चम्लागाई, सचिवमा जीआर धिताल, सहसचिवमा भूमिका सुब्बा र कोषाध्यक्षमा रीता दाहाल चयन भएका छन् । त्यस्तै सदस्यहरुमा प्रकाश पौडेल, खगेन्द्र घिमिरे, किशोर उपरकोटी, युवराज आचार्य, हेमन्त निरौला, विकास देवकोटा, माया लामिछाने, दिलीप थापा, हरिकृष्ण भण्डारी र उमेश खतिवडा चयन भएका छन् ।

क्लवको तदर्थ समितिका संयोजक मुक्ति पौडेलको सभापतित्वमा भएको कार्यक्रममा निर्वाचन समितिका संयोजक सन्तोष आचार्य, क्लवको तदर्थ समितिका सहसंयोजक ज्ञानेन्द्र निरौला, सचिव झुलन रेग्मीले बोलेका थिए ।

झापामा ९ वटा 'वीओपी' थपिँदै

झापा, असोज ११। सशस्त्र प्रहरी बल नेपालले झापाका नौ स्थानमा यो वर्ष वोर्डर आउट पोष्ट (बीओपी) थप गर्ने भएको छ ।

यसका लागि जमिनको व्यवस्थापन गर्ने काम भइरहेको सशस्त्र प्रहरी बल नेपाल १ नम्वर प्रदेशका प्रहरी नायव महानिरीक्षक वंशीराज दाहालले जानकारी दिए । प्रदेश १ मा यो वर्ष २२ वटा सशस्त्र प्रहरी वलका वोर्डर आउट पोष्ट निर्माण हुन लागेको दाहालले बताए ।

यो वर्ष झापामा ९ वटा वोर्डर आउटपोष्ट थपिएसंगै वोर्डर आउटपोष्टको संख्या १८ वोर्डर पुग्नेछ । झापामा यो वर्ष कचनकवल-५ पाठामारी, भद्रपुर-५ भन्सार कार्यालय, झापा गाउँपालिका-५ पन्थापाडा, मेचीनगर-१ तिरिङ, गौरीगञ्ज-२ आँपगाछी, भद्रपुर-३ महेशपुर, मेचीनगर-५ नकलबन्धा, मेचीनगर-१५ ज्यामिरगढीमा बोर्डर आउटपोष्ट निर्माण हुन लागेको हो । पाँचथरको चिवाभन्ज्याङ, पाँचथरकै भैंसे, इलामको समालबुङ र इलामको सलकपुरमा वोर्डर आउट पोष्ट स्थापना भइसकेको सशस्त्र प्रहरीका नायव महानिरीक्षक दाहालले बताए ।

प्रहरी नायव महानिरीक्षक दाहालका अनुसार मोरङका सुनबर्षी र मधुमल्ला र सुनसरीको उल्टीमा पनि वोर्डर आउट पोष्ट स्थापना हुने भएको हो । सीमा सुरक्षा तथा सीमा क्षेत्रमा हुने अपराधका घटना नियन्त्रणका लागि भनेर सरकारले स्वीकृत गरेका स्थानमा सशस्त्र प्रहरी उपस्थिति दह्रो बनाउनका लागि पोष्ट स्थापना भइरहेको बताइएको छ ।

यसैबीच सशस्त्र प्रहरी बल नेपाल नं. २ गणमा

नवनिर्मित बिल्लाघर, जवान मेसघरको उद्घाटन गरिएको छ । आइतवार सशस्त्र प्रहरीका प्रहरी नायव महानिरीक्षक दाहालले त्यसको उद्घाटन गरेका हुन् । उनले भवन उद्घाटन गर्दै जनताको मन जितेर काम गर्न सशस्त्र प्रहरीलाई आग्रह गरे । सशस्त्र प्रहरी सदैव इमान्दारी पूर्वक काम र कर्तव्यप्रति वफादार रहेर कार्यसम्पादन गर्न दृढ रहेको बताउँदै उनले वर्दीमा दाग नलगाउन आग्रह गरे सीमा क्षेत्रमा संवेदनशील भएर जिम्मेवारीका साथ काम गर्नुपर्ने अहिलेको आवश्यकता रहेको बताउँदै उनले कोभिडको समय संगठनले हरेक क्षेत्रमा राम्रो काम गरेको भन्दै सबैलाई धन्यवाद समेत दिएका थिए ।

भवन उद्घाटन कार्यक्रममा सशस्त्र प्रहरी बल २ नम्बर गणका प्रमुख (एसपी)रमेश कुमार पाण्डे, सशस्त्र प्रहरी नायव उपरीक्षक प्रेम भण्डारी लगायतको सहभागिता रहेको थियो । प्रहरी नायव महानिरीक्षक दाहालले उद्घाटन गरेका भवन मध्ये महिला व्यारेक ३१ लाख ८५ हजार १ सय २० रुपैयाँ, जवान व्यारेक ४० लाख २४ हजार ८ सय ८ रुपैयाँ र मेस ब्लक १९ लाख ७५ हजार १ सय ४२ रुपैयाँमा निर्माण गरिएका हुन् ।

'मेरो संलग्नता छैन'

अर्जुनधारा, असोज ११। गएको सोमबार झापाको अर्जुनधारा-११स्थित सुखानी शहीद स्मृति उद्यान परिसरमा सिसौ प्रजातिको तीन वटा रुख काटिएको घटनामा आफ्नो संलग्नता रहेको भेटिए जस्तोसुकै कार्वाही भोग्न तयार रहेको प्रदेश सांसद् वृख प्रधानले बताएका छन् ।

उद्यान व्यवस्थापन समितिको बैठक कक्षमा आइतबार आयोजित पत्रकार भेटघाटमा घटना बारे जानकारी गराउने क्रममा सांसद् प्रधानले सो कुरा बताएका हुन् । घटनाको विषयमा सत्य-तथ्य र विना प्रमाण आफ्नो भनाइ समेत नबुझी एकपक्षीय र व्यवसायिक मर्यादालाई पालना नगरी केही मिडियाहरुले आफूमाथि लाञ्छना लगाएको विषयप्रति गम्भीर ध्यानाकर्षण भएको पत्रकार भेटघाटमा प्रधानद्वारा जारी प्रेस विज्ञप्तिमा उल्लेख गरिएको छ ।

उद्यान परिसरमा रहेको कछुवा उद्धार तथा संरक्षण केन्द्रमा सुकेको रुखहरुका कारण हुनसक्ने क्षतिलाई जोगाउन उद्यान व्यवस्थापन समितिको बैठकमा एजेण्डाको रुपमा प्रवेश गरेको रुख काट्ने विषयमा मौखिक सहमति भएको हुँदा समितिले उक्त रुखहरु काटेको उनले प्रष्ट पारे । घटनालाई अतिरञ्जित बनाएर कोभिड-१९ विरुद्धको लडाईं जित्ने अभियानलाई विषयान्तर गर्न चाहने र नेपाल कम्युनिष्ट पार्टी(नेकपा) नेतृत्वको सरकारले केही गर्न सकेन भनेर दुष्प्रचार गर्ने मनसायका साथ उक्त विषयलाई उछालिएको जारी प्रेस विज्ञप्तिमा उल्लेख गरिएको छ ।

त्यसैगरी समाजकै ध्यान खिच्ने गरी अफवाह फैलाउँदै आफ्नो चरित्र हत्या गर्ने जो कोहीलाई पनि कानून बमोजिम कार्वाही गर्न प्रशासन समक्ष माग गर्दै उनले यस्तो विषयमा राजनीतिक प्रतिशोध नसाँध्न सबैसँग अनुरोध गरेका छन् ।

यता सुखानी शहीद स्मृति उद्यान व्यवस्थापन समितिका अनुसार परिसरभित्र रहेका सुकेका रुखहरु कटान गर्ने विषयमा अनौपचारिक छलफल भइरहेको अवस्थामा वर्षासँगै आएको हावाहुरीले सुकेको रुखका कारण कछुवा उद्धार तथा संरक्षण केन्द्रलाई हुन सक्ने क्षतिबाट जोगाउन तत्काल तीन वटा रुख काटिएको जनाएको छ ।

त्यस्तै समितिको गत असोज ८ गते बसेको उद्यान व्यवस्थापन समितिको बैठकले कछुवा उद्धार तथा संरक्षण केन्द्रमा जोखिम अवस्थामा रहेको अन्य सुकेको सिसौ प्रजातिको रुखहरु कटान गर्न आवश्यक प्रक्रिया पूरा गरी पहल गर्ने निर्णय गरेको छ ।

कोरोनाले ...

सोसाइटी झापाले समेत कारागारमा आइसोलेसन निर्माणका लागि सहयोग पुऱ्याउँदै आएको बताइएको छ ।

कनकाईमा छुट्टै चितास्थल

झापाको कनकाई नगरपालिका-९ घैलाडुब्बाका ४५ वर्षीय पुरुषको कोभिड-१९का कारण मृत्यु भएको छ ।

नगरप्रमुख राजेन्द्र पोखरेलका अनुसार शनिबार राति कोभिड अस्पताल विराटनगरमा उनको मृत्यु भएको हो । उनी उच्च रक्तचाप र मधुमेहका बिरामी समेत थिए ।

कोभिडबाट मृत्यु भएकाहरुका लागि कनकाई आर्यघाटमा छुट्टै चितास्थलको व्यवस्था छ । त्यहाँ रहेका पाँच वटा चितास्थलमध्ये एउटालाई कोभिडबाट मृत्यु भएकाहरुका लागि छुट्याइएको नगरप्रमुख पोखरेलले बताए । कोभिड सङ्क्रमणका कारण झापा जिल्लामा अहिलेसम्ममा सात जनाको मृत्यु भइसकेको छ ।

चन्द्रगढी बजारमा निषेधाज्ञा

भद्रपुरस्थित चन्द्रगढी बजारमा निषेधाज्ञा जारी गरिएको छ ।

भद्रपुर नगरपालिका-९ चन्द्रगढी बजारका एक ५० वर्षीय सुन व्यवसायीलाई कोरोना पुष्टि भएको तीन दिनपछि भद्रपुर-१० नम्बर वडा कार्यालयले निषेधाज्ञा जारी गरेको हो । चन्द्रगढीको लेखनाथ चौक पूर्व बजारको मध्यविन्दुदेखि दुर्गा मन्दिर हुँदै दक्षिण नविल बैंकसम्मका पसलहरु बन्द गराउने निर्णय गरिएको १० नम्बर वडाध्यक्ष टेकबहादुर खड्काले जानकारी दिए । कोरोना संक्रमितको सम्पर्कमा आएका पाँच जनाको स्वाब संकलन गरिसकेको बताउँदै वडाध्यक्ष खड्काले भने- अहिले पनि सो क्षेत्रमा खुल्मखुला व्यापार तथा व्यवसाय सञ्चालन भइरहेकोले त्यसलाई रोक्न निषेधाज्ञा जारी गरेका छौं ।

संक्रमित भेटिएपछि कम्तिमा त्यहाँका व्यापारी आफैंले सजगकता अपनाउनुपर्नेमा त्यसो नहुँदा यस्तो निर्णय गरिएको उनले बताए । सोमबारसम्म पाँच जनाको पीसीआर रिपोर्ट आएपछि मात्र थप निर्णयमा पुग्ने उनको भनाइ छ । यता चन्द्रगढी बजारमा संक्रमण फैलिन रोक्नलाई स्थानीयले निषेधाज्ञा जारी गर्न नगरपालिकालाई अनुरोध गरेका थिए ।

बाल्मीकि एजुकेशन फाउण्डेशन

बिर्तामोडको विद्यार्थी भर्ना सम्बन्धी सूचना

शैक्षिक सत्र २०७७का लागि यस **बाल्मीकि एजुकेशन फाउण्डेशनस**मा **नर्सरीदेखि कक्षा ७** सम्मका लागि नयाँ विद्यार्थी भर्ना खुलेको सम्पूर्ण अभिभावकहरुमा सहर्ष जानकारी गराउँदछौं ।

भर्ना आवेदन फारम विद्यालय प्रशासनबाट प्राप्त गर्न सकिनेछ ।

समय : विहान १० बजेदेखि १ बजेसम्म

विस्तृत जानकारीका लागि
बाल्मीकि एजुकेशन फाउण्डेशन
बिर्तामोड-१, झापा
०२३-५४०१५५/ ५४२८२०

Arjundhara Municipality
Office of Municipal Executive
Shanischare,Jhapa,Nepal

Request for Sealed Quotation
Digitization Services of Vital Events Registration Application Form

(Date of First publication: 28 th September 2020)

Ref No	Cost Estimate(NRs)	Bid Document Fee(NRs)
NP-DoCR-183661-RFQ	533000/-	1,000/-

1. The Ministry of Home affairs, Department of National ID and Civil Registration Government of Nepal has received financing from The World Bank toward the cost of the Strengthening Systems for Social protection and Civil Registration (SSSPCR), and intends to apply part of the proceeds toward payments under the contract for hiring a Firm providing Digitization Services of vital event Registration application form
2. The Arjundhara Municipalityinvites sealed Quotation from eligible Bidders to scan, index and provide Vital Event Registration Application form stored in Arjundhara Municipality.
3. Bidding will be conducted throughSealed quotation using a Request for quotation (RFQ) as specified in the Guidelines :Procurement of Non-consultant services under IBRD Loans and credits & Grants by World bank Borrowers, December 2002 revised July,2016 and is open to all eligible Bidders as defined in the Procurement Regulations.
4. Interested eligible Bidders may obtain further information from Department of National ID and Civil Registration and inspect the bidding document during office hours .
5. The bidding document in English can be purchased during office hours on or before 11thOctober,2020 fromthe office by interested eligible bidders upon submission of a written application with the copy of company/Firm registration certificate to the address below and upon payment of a non-refundable fee of NRs 1000/- (One thousand Rupees) or upon submission of original deposit voucher as stated below.

Office Name:Arjundhara Municipality
Office Account No: 0092050511258014, AntarikAnudanKhataArjundhara Municipality
Revenue Head No: 14229
Name of the Bank: NIC Asia Bank Ltd, Shanishchare Branch.

6. Bidders submitting their bids with cost of bidding documents and bid security amounting to a minimum of NRs 15,000.00 in Account No 0092050511258018, DharautiKhata, Arjundhara Municipality in NIC ASIA BANK LTD SHANISCHARE BRANCH and scanned copy (Pdf format) of Bank deposit voucher or Bank Guarantee issued by "A" class commercial Bank or Financial institutions eligible to issue Bank Guarantee as per prevailing Law specified by Nepal Rastra Bank with Validity Period of 75 days from the opening date of bids i. e, up to. along with bid files
8. Sealed bids must be delivered to the address below on or before at 12.00 hours of 12thOctober,2020. Bids submitted after this deadline will not be entertained.
9. Bids shall be opened in the presence of the Bidders' designated representatives and anyone who choose to attend at the address below at 14.00 hours on 12thOctober 2020. 10. In case of last date for purchasing, submission and opening of bids falls on a Government holiday, the next working day shall be considered the last day .In such a case, the bid validity and bid security validity shall be recognized from the original bid submission deadline.
11. The employer reserves the right to amend, accept or reject, wholly or partly, any or all the bids without assigning any reasons whatsoever.
12.. The address referred to above is:
Arjundhara Municipality, Shanischare, Jhapa, 023597002
www.arjundharamun.gov.np

खुशीको खबर

ब्रा, पेन्टी, कुर्ता सलवार, मेक्सी, जिन्स पेन्ट-सर्ट लगायत सम्पूर्ण लेडिज सामानहरु अब एकै ठाउँमा सस्तो र सुलभ मूल्यमा पाइन्छ । साथै होलसेल तथा खुद्रा दुबै कारोबार गरिन्छ ।

अन्सिका मन्चेडाइज एण्ड सप्लायर्स सिटी सेन्टर
बिर्तामोड झापा
प्रो. युवराज गिरी /दुर्गा गिरी
फोन: ९८५२६७३२६९, ९८१४९९१६६८

आकर्षक घडेरी बिक्रीमा

बिर्तामोड मुक्तिचोकदेखि १ किलोमिटर उत्तर शनिश्चरे रोड सँगैका आकर्षक घडेरी तथा पाथीभरा टोलभित्रका आकर्षक घडेरी बिक्रीमा छन् ।

सम्पर्क : ९८५१११४४९४९

हकदावी गर्ने सम्बन्धी सूचना

भद्रपुर नगरपालिका वडा नं. ९ बस्ने श्री सीतादेवी अधिकारीको नाममा दर्ता कायम रहेको साविक चन्द्रगढी-६ हाल भद्रपुर नगरपालिका वडा नं. ९को कि.नं. ४४९७ को जम्मा व.मि. ५४१.८१ जग्गामा साविक चन्द्रगढी गाविस हुँदा नै निर्माण सम्पन्नभएको भवनको नियमित नक्सा पास गरी अभिलेखीकरण प्रमाणपत्र उपलब्ध गराइ पाउँ भनी नक्सासहित निवेदन पेश भई सँधियारको नाममा सूचना प्रकाशित गर्दा दक्षिणतर्फको सँधियार श्री विष्णुप्रसाद भण्डारीले हालसम्म पनि सूचना नबुझ्नु भएको र सरजमिन स्थलमा पनि अनुपस्थित हुनु भएकोले स्थानीय सरकार सञ्चालन ऐन २०७४को दफा ३१को (क) बमोजिम दोस्रोपटक यो १५ दिने सार्वजनिक सूचना प्रकाशित गरिएको छ । यस विषयमा तपाईको कुनै किसिमको दावी विरोध भए १५ दिनभित्रमा आफूलाई मर्का परेको विवरण खुलाई यस भद्रपुर नगर कार्यपालिकाको भवन नक्सा शाखामा आइ उजुरी दिनुहोला । अन्यथा यसै आधारमा नक्सा पास भई जाने व्यहोरा जानकारी गराइन्छ ।

प्रमुख प्रशासकीय अधिकृत

पानीट्यांकी भारतको सेवा काँकरभिट्टाबाट

निशान्त मोटरसाइकल पार्ट्स एण्ड सर्भिसिङ सेन्टर

ROYAL ENFIELD को आधिकारिक बिक्रेता (डिलर) भएकाले ROYAL ENFIELD को सम्पूर्ण पार्ट्सहरुमा १०% छुट गरिएको छ ।

सातौं बर्षमा प्रवेश गरेको सुखद् उपलक्ष्यमा अटो, तीन चक्के टेम्पोको सम्पूर्ण पार्ट्सहरु उपलब्ध गराउँदै इञ्जिनसहितको सम्पूर्ण मर्मत सेवा सुचारु गरिएको छ ।

यहाँ जुनसुकै कम्पनीको मोटसाइकल, स्कुटर र टेम्पोको सम्पूर्ण पार्ट्स पाउनुका साथै इञ्जिन मर्मत पनि गरिन्छ ।

निशान्त मोटरसाइकल पार्ट्स एण्ड सर्भिसिङ सेन्टर
पानीटंकीको पहिलो गल्ली दायाँ साइड
निशान्त- ९३७२०७८४४/९३४८४७३०१७ इण्डिया,
४८४०१६४४४३ नेपाल काँकरभिट्टा आफ्नो फोन गर्नुहोस् सेवा लिनुहोस् ।

बिर्ता (सेफ्टी तथा ढल सफाई)
बिर्तामोड, झापा

(पहाडी क्षेत्रमा पनि यो सेवा उपलब्ध छ ।)

पूर्वाञ्चलमै सबैभन्दा ठूलो भ्याकुम सिस्टमबाट सफाइ गरिन्छ ।

भूपाल बुढाथोकी
023-545402
9825952677
9825952680

सेफटी तथा ढल सफाई गर्न परेमा हामीलाई सम्झनुहोस ।

श्रीअन्तु प्रकाशन प्रा.लि.द्वारा प्रकाशित तथा मुद्रित - कार्यालय : बिर्तामोड-१, झापा ■ प्रकाशक : भरतलाल गिरी, ■ अध्यक्ष : टोरूप प्रसाई, ■ व्यवस्थापक : चन्द्रकान्त ढकाल (९८४४६४२०९५/ ९८१७९९०२९९) ■ प्रकाशन सहयोगी : भानुप्रसाद शिवाकोटी ■ सम्पादक : एकराज गिरी ■ उप सम्पादक : तुलसीप्रसाद निरौला ■ सह-सम्पादक : सुरेन्द्र भण्डारी ■ डेस्क सम्पादक : लक्ष्मण ढकाल ■ लेखा : सोमनाथ भण्डारी ■ कार्यकारी व्यवस्थापक : होमप्रकाश अधिकारी (९८४२६३४७४०) ■ बजार व्यवस्थापक : लीला आचार्य (९८१४०१८५७१) ■ प्राविधिक : बद्री महतारा ■ प्रोसेसिङ : गोपाल मण्डल ■ बजार प्रतिनिधि: गोपाल अधिकारी-९८४२६९६११२/सञ्जय श्रेष्ठ ९८०६०३३१५३ ■ कम्प्युटर : रुपा मुखिया/ सन्तोष अधिकारी (कार्यालय फोन : ०२३-५३१००२/प्रशासन/विज्ञापन : ०२३-५३००४४) Email: purwanchal2052@gmail.com /purwanchal@ntc.net.np

पूर्वाञ्चल

सम्पादकीय

नियमितताम‍ा विराम लाग्नु हुँदैन

कोरोनाका कहरकैबीच झापाको बाह्रदशी गाउँपालिकाले विकास आयोजनाका कार्यक्रमहरुलाई अघि बढाएको छ । पालिकाले घोषणा गरेको 'उज्यालो बाह्रदशी'बाट सबै नागरिकलाई विद्युत् सेवाको पहुँचमा पुऱ्याएको छ । तीन वर्षअघि कार्यक्रम घोषणा गर्दा पालिकामा साठ्ठी प्रतिशत बासिन्दाले मात्र विद्युत् सेवाको उपयोग गर्दै आएका थिए । स्थानीय तह गठन भए लगत्तै गाउँपालिकाले 'उज्यालो बाह्रदशी' अभियान घोषणा गर्दै बाह्रदशीका सबैलाई विद्युत् सेवाको पहुँचमा पुऱ्याउने प्रतिबद्धता जनाइएको थियो । गौरवको आयोजना भनिएको उक्त अभियानसँगै वडा नं. ५ स्थित घाग्रा खोलामा पक्की पुल निर्माण गर्ने लक्ष्य राखिएको थियो । साढे छ करोड रुपैयाँभन्दा बढीको सो आयोजना पनि निर्माणको चरणमा रहेको छ । पुलको शिलान्यास संघीय सांसद राजेन्द्र लिङ्देनले गरेका थिए भने बाह्रदशी-६ स्थित साधुकोटीमा बाह्र करोड रुपैयाँको लागतमा भ्यूटावर निर्माण योजनालाई गौरवको आयोजनाका रुपमा निर्माण गर्न थालिएको छ ।

बाह्रदशीस्थित साधुकुटीको बेग्लै एतिहासिक एवम् धार्मिक महत्व छ । झापाका प्रचीन सम्पदा मध्येको एक साधुकुटीलाई पर्यटकीय दृष्टिले समेत प्रमुख तथा आकर्षक गन्तव्य बनाउने उद्देश्यले टावर निर्माणको काम शुरु गरिएको गाउँपालिकाले जनाएको छ । त्यसैगरी बाइस बिगाह क्षेत्रफलमा फैलिएको साधुपर्ती झिललाई पनि पर्यटकीय गन्तव्यका रुपमा अघि बढाउन छत्तीस करोड रुपैयाँ लागत निर्धारण गरिएको छ । त्यस्तै बाह्रदशी-६ को कुमाल गाउँ जोड्ने सडक निर्माण कार्य, अन्धुवा खोलामा पक्की पुल, राजगढ बजारको स्तरोन्नति र केही कालोपत्रे सडक निर्माणलाई निरन्तरता दिने जस्ता जनसरोकारका विषयलाई पालिकाले महत्वका साथ अघि बढाउने भएको छ । कोरोनाको कहरकाबीच पनि चुनौतिको व्यवस्थापन गर्दै विकास निर्माणलाई प्राथमिकता दिनु स्वागतयोग्य काम हो ।

कोरोना त्रास तत्काल अन्त्य हुने सम्भावना छैन । त्यसैले बुद्धिमानी हुन्छ, यो सँगै मितेरी लगाउँदै अघि बढ्नु । कोरोना प्राथमिकतामा पर्नुपर्छ सरकारका लागि । साथै लिएर हिँड्नु भनेको असावधानी वा लापरवाही गर्नु हुँदै होइन । स्वास्थ्यका मापदण्डहरुको अक्षरशः पालना गर्दै उच्च सतर्कताका साथ नियमित गतिविधि सञ्चालन गर्नु व्यक्ति, संस्था वा सरकारको मूल दायित्व बन्नु पर्दछ । असावधानीले अनपेक्षित परिणाम आउन सक्छ, आफू वा आफ्ना प्रियजनसँग चिरवियोगको सामना गर्नुपर्ने पनि हुन सक्छ । अन्यत्रका उदाहरणहरु हेरेर, सिकेर अत्यन्त धेरै सजगता अपनाएर बाह्रदशीको जस्तै नियमित गतिविधि सञ्चालन गर्नुपर्छ, यसका लागि बाह्रदशी उदाहरण बन्न सकोस् ।

बन्धकीमा विवेक

राजकुमार पोखरेल

नेपाली समाजमा ऋण खान वित्तीय संस्थाहरु वा व्यक्तिसँग धितो भनेर सम्पत्ती बन्धकीमा राख्ने चलन उहिलेदेखि अहिलेसम्म प्रचलित छ। ताकी घर व्यवहार, व्यापार-व्यवसाय गर्न सकियोस्। उहिले र अहिलेको अन्तर भनेको सम्पत्ती मात्र होइन कि विवेक पनि बन्धकीमा राख्ने चलन छ। समाज र देशमा देखिएको विकृती र विसंगतीबारे बोल्नु पऱ्यो भने हामी आफैं बोल्न नसक्नु यस कारणले हो। हामी समाजलाई सभ्य र सम्बृद्ध बनाउन चाहन्छौं। अनि के गर्ने, के नगर्ने भनेर निर्देशन भने अरुको पर्खेर बस्ने गर्छौं। अनि कसरी बन्छ समृद्ध समाज।

नेपालमा राजनीतिक परिवर्तनहरु धेरै पटक भए। तर, हाम्रो प्रवृत्तीमा परिवर्तन हुन सकेन। निहीत व्यक्तिगत स्वार्थभन्दा हाम्रो मानसिकता माथि उठ्न सकेन। जसकाकारण विवेक बन्धक राखी दियौं। मानसिकतालाई दास बनायौं। दासले कुनै बिषयमा चिन्तन र चिन्ता गर्नुपर्दैन। केबल आदेश मात्र पालना गरे पुग्छ। यसकारण नेपालमा जुनसुकै शासन व्यवस्था या पार्टीको सरकार बने पनि हामी सर्वसाधारणले परिवर्तनको अनुभूति गर्न पाएका छैनौं ।

किनकि हामीले त्यसको साँच्चै चाहना गरेनौं। यदि चाहना गरेको र पूरा नभएको भए बिरोधको स्वरहरु निकाल्थ्यौं। विद्रोहको राँको बाल्थ्यौं। त्यसो हामीले गरेका छैनौं। हिजो अधिकार मागेर हैन खोसेर लिनुपर्छ भन्ने हामी आज अधिकार माग्न पनि छोडी दियौं। किनकि हामीले राजनीतिक दलहरु र तिनका नेताहरुलाई आ-आफ्नो विचार र आस्थाको आधारमा आफ्नो विश्वास, भरोसा सुम्पिदिएर ढुक्क भएर बस्यौं। यसो गर्नु हाम्रो गल्ती होइन। हाम्रो विश्वास र भरोसालाई उनीहरुले बचाएर राख्न सकेको भए हामीले ठीक गऱ्यौ भन्न सकिन्थ्यो, तर बिडम्बना सकेनन्। त्यसैकारण हामीले प्रजातन्त्र पुर्स्थापना भएको तीन दशक बितीसक्दा पनि न त राजनीतिक स्थिरता पाउन सक्यौं। न त व्यवस्था परिवर्तन भएको व्यवहारमा अनुभव गर्न सक्यौं। बरु उल्टै सुल्झिन कठिन देखिएको जातीय र धार्मिक द्वन्द्वको भुँमरीमा देश रुमल्लिएको हेरेर बस्न बाध्य भयौं।

हाम्रो समाज र देशलाई सु-संस्कृत र समृद्ध बनाउने दायित्व यही समाजमा बसोबास गर्ने हामीहरु कै हुन्छ। यसका लागि सबैले आ-आफ्नो ठाउँबाट बिभिन्न भूमिका र जिम्मेवारीलाई इमान्दारीपूर्वक पूरा गर्नुपर्ने हुन्छ। दलीय व्यवस्थामा दलहरुका उमेदवारहरु नै जनप्रतिनिधि बनेर समाज र देशलाई अगुवाई गर्ने हुन। त्यसैले पहिले दलहरुभित्र प्रजातान्त्रिक प्रणाली स्थापित हुनुपर्ने हुन्छ। हामी सबैलाई थाह छ कि हाम्रा राजनीतिक दलहरुले दलको बिधानलाई उल्टै हनमेर्नो बनाएका छन्। पोल्ने परिस्थितिमा मात्र बिधान प्रयोग गर्ने गर्छन्। दलहरुभित्र गुटहरु हावी छन्। इमानदार र सक्षम नेता कार्यकर्ताहरु किनारा लागेका छन्। उनीहरु निरीह बनेर गाउँ समाजमा बसेका छन्। हाम्रो मौनताले पार्टीभित्रका गुटहरुलाई सक्रिय रहन ऊर्जा दिइरहेको छ। पार्टीमा राम्रोलाई होइन हाम्रोलाई जिम्मेवारी दिने परिपाटी चलिरहँदा पनि हामी बिरोध गर्न सक्दैनौं। जनप्रतिनिधि बन्नका लागि पार्टीहरुले पठाउने उमेदवार छनौट गर्ने प्रक्रिया पनि प्रजातान्त्रिक छैन। उमेदवार हुन इच्छा राख्नेहरुका बीच आन्तरिक कुनै प्रतिस्पर्धा हुँदैन। न त छनौटको लागि कुनै निश्चित मापदण्ड बनाइएको हुन्छ। केबल पार्टीको नाममा गुटको नेताहरुले उमेदवार तोकेर पठाई दिने चलन छ। जसलाई फलानोले टिकट पाएछ भनेर हामी भन्ने गर्छौं। सबैलाई थाह छ कि टिकट पाउने कुनै विधि छैन। टिकट कसले पाउने हो भनेर छनौट गर्ने अधिकार पार्टीका कार्यकर्ताहरुलाई छैन। पार्टीहरु नैं अपारदर्शी ढङ्गले चलिरहेका छन्। अनि उनीहरुले पठाउने उमेदवार कसरी योग्य र जनप्रिय हुन सक्छन्। यस प्रकारको प्रणालीलाई कसरी प्रजातान्त्रिक भन्न सकिन्छ।



नेपालमा भन्नलाई त बालिग मताधिकारको आधारमा निर्वाचन हुन्छ भन्ने गरिन्छ। बालिग भनेको उमेर पुगेको भन्ने हो। किनकि उमेर पुगेको व्यक्तिले स्वविवेक प्रयोग गर्न सक्छ। तर, के हामी नेपालीहरुले निर्वाचनको बेला आफ्नो स्वविवेक प्रयोग गर्ने गरेका छौं ? राम्रो उमेदवारलाई मतदान गर्ने गरेका छौं ? पक्कै गरेको छैनौं। कहिले पनि पार्टी प्रतिनिधि वा आफूलाई शासन गर्ने जनप्रतिनिधि निर्वाचन गर्ने क्रममा आफ्नो बुद्धिले देखेको हामीले गर्ने गरेका छैनौं। अर्काको निर्देशनलाई लाचार भएर पालना गर्ने गरेका छौं। अर्कोतर्फ यहाँ निर्वाचन पनि निष्पक्ष हुने गरेको छैन। नेपालीहरुमा रहेको गरिबी, वेरोजगारी र अशिक्षाको कारण यहाँका राजनीतिक दलहरुलाई निर्वाचनलाई आफू अनुकूल प्रयोग गर्न सजिलो भएको छ। सिधा, सोझा नेपाली मतदाताहरुको यही मजबुरी, बाध्यता र कमजोरीलाई पैसा, मासु-भात र अनेक प्रलोभनमा पारेर मतलाई आफ्नो पक्षमा पार्ने खेल, विकराल बन्दै गइरहेको छ। निर्वाचन ताका मतदाताहरुलाई आफ्नो कार्य योजनाहरु र विचार बाँड्नेले होइन पैसा बाँड्नेले मात्र चुनाव जितिरहेको हामीलाई राम्रोसँग थाह छ। अनि कसरी हामी भन्न सक्छौं कि मतदाताले स्वविवेकले प्रतिनिधि चयन गरेको हुन भनेर। यस्तो प्रणालीलाई बालिग मताधिकार कसरी भन्न सकिन्छ ?

हामीलाई त आफ्नो पार्टीले चुनाव जिते मात्र पुग्छ। आफ्नो पार्टीले चुनाव जितेको अवस्थामा व्यक्तिगत फाइदा त हामी लिन सक्छौं होला। तर, हामीले कहिले विचार गरेर हेरेको छौं कि समाज र देशले के पायो भनेर ? यस प्रकारको गतिविधिले हाम्रो सन्ततीहरुको भविष्य के हुने हो भनेर कहिले हामीले चिन्ता र चिन्तन गरेका छौं र ? हाम्रो यही दास चरित्रको कारण राष्ट्र र जनताको माया गर्ने नेताहरु पछि परे। हाम्रो विवेकलाई बन्धक राख्नेहरु अघि बढे। यसकारण तमाम नेपालीहरुले सम्मान दिन सक्ने साझा राजनेता नेपालले आज सम्म पाउन सकेन।

वि.सं. २००७ सालदेखि विभिन्न समयको आन्दोलनहरुमा धेरै युवाहरुले संघर्ष गरे, बलिदान दिए। अनगिन्ती युवाहरुले आफ्नो उर्बर समय र भविष्य पार्टीहरुलाई दिएर आफू रित्तो बने। तर, आन्दोलनका बेला सक्षम र योग्य देखिएका युवाहरु परिवर्तित परिवेशमा असक्षम र अयोग्य देखिन पुगेको। नातावाद कृपावाद हावी भयो। भ्रष्टाचार मौलायो। कानूनलाई बलियोले दुरुपयोग गरे। बाठाले सबैको विवेकलाई बन्धकीमा राखे। यसैले पार्टीभित्रको युवाहरु स पार्टीलाई स्थापित गर्न, प्रजातन्त्र पुनर्स्थापना गर्न रगत, पसिना बगाएका प्रबुद्ध इमानदार नेता कार्यकर्ताहरु, अब कहिलेसम्म मौन बस्ने हो ? पार्टीभित्रको निरंकुशता, आदेश र अप्रजातान्त्रिक गतिविधिको साक्षी बनेर कहिलेसम्म बस्ने हो ? हिजोका युवाहरुले के पाए भनेर देखे कै छ। त्यसैले अबका युवाहरुले कुनै प्रलोभनमा परेर आफ्नो भविष्य अन्धकार नबनाउँ। पार्टीमा आबद्ध प्रबुद्ध व्यक्तिहरुले पनि मरेपछि पार्टीको झण्डा ओड्ने लोभ नराखौं। हिजो त्यागको भावना बोकेर देश र जनताको लागि उर्बर समय दिनुभयो। बरु आफ्नो जीवन रहँदै भावी सन्ततीका लागि अन्तीम पटक पार्टीभित्र न्यायको लागि संघर्ष गरौं।

हामीलाई थाह छ कि हामी सबै नेपालीको विवेक बन्धकीमा छ। पार्टीको स्थानीय तहदेखि क्षेत्र, जिल्ला र प्रदेश हुँदै केन्द्रसम्ममा आम सर्वसाधारण, समर्थक, कार्यकर्ता तथा नेताहरु सबैको विवेक एउटा चेन प्रणालीमा बन्धकीमा छ। अनि सबै पार्टीहरुका केन्द्रीय तहका नेताहरुले आफू शक्तिमा रहनका लागि आ-आफ्नो विवेक विभिन्न बिदेशीहरु समक्ष बन्धकीमा राखेका छन। नाटक गर्नुपर्दा बिदेशी प्रभु भनेर गाली त गर्छन्। तर, उनीहरु कै इशारामा नाँच्ने गर्छन। आ-आफ्नो व्यक्तिगत र परिवारवादमा चुर्लुम्म डुबेको नेपालको गुटको राजनीतिलाई नतोड्ने हो भने देश कै भविष्य अनिश्चित छ।

यदि हामी आफू र आफ्नो सन्तानको माया गर्छौं भने आफ्नो समाज र देशको माया पहिले गर्नुपर्छ। यसका लागि हामी आफैंले विवेक प्रयोग गर्न हिम्मत गर्नुपर्छ। ठीकलाई ठीक र बेठिकलाई बेठिक भन्न सक्नुपर्छ। आँखा चिम्लेर कुनै बिषयमा समर्थन गर्न छोड्नुपर्छ। कसैको अन्धभक्ति गर्ने बानी हटाउनुपर्छ। चाहे त्यो सर्वसाधारण नेपालीले होस्। चाहे दलका नेता कार्यकर्ताहरुले होस्। चाहे त्यो बिद्यत वर्ग वा राज्यको चौथो अङ्ग मानिएको सञ्चार जगतले होस्। सबैले विवेकलाई बन्धकीबाट निकाल्नु पर्छ। स्वविवेक प्रयोग गर्नुपर्छ।

हामी कहाँ अभिएका छौं ?



तृष्णा आचार्य

नेपाल दुई भौगोलिक र जनसांख्यिकीय रूपमा ठूला देशहरू भारत र चीनको बीचमा भू-राजनीतिक रूपले बफर क्षेत्र भएको देश हो। एशिया विश्वशक्ति केन्द्र बन्ने भनेसँगै यसले सम्भावना मात्र नभई नेपाल जस्ता देशका लागि चुनौति पनि ल्याएको छ। भारत अझै पनि औपनिवेशिक ब्रिटिश भारतको सांस्कृतिक धुन्धमा छ किनकि यसको संविधान र विश्वविद्यालयहरू भारतको अन्तिम वाइसरा'य सर माउन्टबट्टन कार्यकालको उपहार हुन्।

उत्तर औपनिवेशिक र शीतयुद्धको अवधिमा नव राष्ट्रवादको रूपमा पुनर्जागरणको क्षण र विश्वव्यापी सांस्कृतिक प्रभाव सिर्जना गर्न हालैको बलिउड फिल्म उद्योगको प्रयाससँग पनि पश्चिमी देशका सांस्कृतिक उद्योगहरू जस्तै हलिबुड र फ्रान्को फोनिक संस्कृतिको तुलनामा विश्वस्तरमा अपर्याप्त देखिन्छ। यद्यपि यसमा नेपालमा ठूलो सामाजिक, सांस्कृतिक, आर्थिक र राजनीतिक प्रभाव छ। अर्कोतर्फ चीनले २०१५ मा विश्व शक्ति केन्द्र बन्ने आर्थिक लक्ष्य प्राप्त गरिसकेको भए पनि अंग्रेजीको तुलनामा विश्वको जनसंख्याले बुझ्ने जटिल भाषा प्रणालीका कारण सांस्कृतिक प्रभावको अभाव छ।

यद्यपि संयुक्त राष्ट्रले चिनिया भाषालाई एकमध्येको रूपमा मान्यता दियो। फ्रान्सेली, अंग्रेजी, रूसी, स्पेनिश र अरबी सहित छ भाषाहरु बीच संयुक्त राष्ट्र संघीय भाषा। कम्युनिष्ट देशको रूपमा राजनीतिक अडानको कारणले, यसले सामाजिक सुधारको माध्यमबाट आफ्नो नागरिकलाई विश्व शक्तिशाली राष्ट्रको नागरिक बन्नका लागि तयार पारेको छ। जुन तिब्बत, ताइवान जस्ता भौगोलिक प्रदेशहरूको सम्बन्धमा यसको ठूलो जनसांख्यिकी र राजनीतिक तनावका कारण अझै चुनौतिपूर्ण देखिन्छ।

विश्वमा शरणार्थी सकट ठूलो छ र एसियामा रहेको बेलायती उपनिवेशले भौगोलिक जटिलताका कारण राजनीति, अर्थव्यवस्था र संस्कृतिले श्रीलकन तमिल टाइगरको मुद्दा, भारत-पाक द्वन्द्व, रोहय शरणार्थी मुद्दा म्यानमार, भूटान-नेपाल शरणार्थी जस्ता धेरै प्रभावित भएको छ। यी देशहरूमा अझै पनि तिनीहरूको ऐतिहासिक र सांस्कृतिक विरासतमा जरा र लोकोसको अभाव छ।

बढ्दो भूमण्डलीकरण, प्राविधिक आक्रमण, बैंकिङ्ग अर्थतन्त्र, बहुर्राष्ट्रिय कम्पनीहरूको उदय, वातावरणीय र मानवीय सकट, धर्म र कट्टरपन्थको राजनीति, अधिनायकवादी संगठन, कमजोर नागरिक समाज र राष्ट्र-राज्यहरू कमजोर अवस्था देखिन्छ। यसले भविष्यमा हुने असरलाई देखाउँदछ कि अन्तर्राष्ट्रिय आप्रवासनको कारण तिनको स्थायी आवासीय अनुमति नेपालले दिने सम्भावनाहरू बढिरहँदा नेपाली जनता भू-राजनीतिक रूपले भूमिहीन र शरणार्थी बनाउँछ। यदि त्यो दिन आयो भने मानवतावाद र मानवीय मूल्य-मान्यताहरूको सार के हो जुन संयुक्त राष्ट्र र अन्य सुप्रा राष्ट्रिय संगठनहरूले वकालत गरिरहेका छन् ? वा तिनीहरू केबल मानवीय संकटलाई हेरिरहने छन् ?

अन्तर्राष्ट्रिय सम्बन्धमा सुप्रा राज्य नेताहरु सार्वभौम राज्यहरुको शक्तिभन्दा माथि छन्। आज, विश्वको राजनीतिमा राज्यहरूले महत्वपूर्ण स्थान ओगटेका छन्, तर निर्णय प्रक्रियामा सरकार अत्यधिक आश्रित छ र अन्तर्राष्ट्रिय राजनीतिक प्रक्रियाका अन्य सहभागीहरूको प्रतिक्रियालाई अन्तर्राष्ट्रिय संगठनहरू (सरकारी र गैर-सरकारी) र अन्तर्राष्ट्रिय निगममा ध्यान दिन्छ यसको आफ्नै नागरिकहरूभन्दा बढी महत्वपूर्ण !

आधुनिक नेपालमा व्यक्तिविरूद्ध दवाब बढेको छ, कि त यो प्रणालीसँग स्वीकार गरी यसका एक अंश बन्ने र चुप लाग्ने वा विद्रोह गर्ने पूर्ण मानव विकास गरी स्वस्थ नागरिकको रूपमा बाँच्नका लागि। वैश्विक कोरोना महामारीले हामीलाई राज्यको भूमिका र महत्वको अनुभूति गराउँदछ। यस अवधिमा राज्यले नागरिकहरूको स्वास्थ्यको रक्षा गर्नुपर्दछ। तर, सचेत प्रयासको साथ विश्वव्यापीकरण, पुँजीवादी अर्थतन्त्र र अन्तर्राष्ट्रिय शक्ति परिवर्तनले नेपाललको अस्तित्वमा असर पार्दैछ भन्ने कुरामा ध्यान दिनुपर्छ। वैश्विक कोरोना महामारी अर्थतन्त्र चकनाचुर हुँदैछ। मौसम परिवर्तनले (Climate change) एकैसाथ विश्वलाई पनि असर गरिरहेको छ। जे होस्, हामीले मानवद्वारा सिर्जना गरिएको मानव विभेद हटाएका छौं वा छैन। तर, अस्तित्वको फराकिलो आयामले मानव जातिलाई बाँच्नको लागि संघर्ष गर्न चुनौति दिएको छ।

नेपाल तेस्रो विश्वराष्ट्र भएकोमा यसको आफ्नै आन्तरिक संघर्ष पनि छ। एक दशकभित्र यो जापान जस्ता बुद्यौली राष्ट्र बन्न गइरहेको छ, हामी अझै अविकसित छौं र देशको विकासका लागि युवाको शक्तिको टेवा दिन रोजगारीका अवसरहरू छैनन्। युवायुवतीहरूलाई नेपालमा विभिन्न सम्भावना फलाउन प्रयोग गर्नुको सट्टा अन्य राष्ट्रहरूमा श्रम शक्तिको आपूर्तिका लागि सरकार आफैंले अन्य राष्ट्रहरूसँग सम्झौता गरिरहेको छ। हामी एकातिर मानव संशाधनहरू गुमाइरहेका छौं र अर्कोतर्फ अर्थव्यवस्थाले कलेटरलको नाममा हाम्रा प्राकृतिक संसाधनहरूलाई जबरजस्ती कब्जा गर्दैछ। कानूनी र आर्थिक अशिक्षाको कमीका कारण युवा उद्यमी सहकारी र बैंकिङ्ग अर्थव्यवस्थाका अन्य संयन्त्रहरू मार्फत सहज जालमा फस्न सक्छन्। जसले उनीहरूलाई आफ्नो उद्यमशीलता छोड्न बाध्य छन्, विस्थापित छन् र दुर्भाग्यवश आत्महत्या गर्न बाध्य छन्। यसको लागि हाम्रो शिक्षा प्रणाली जिम्मेवार छ किनकी यसले नागरिकहरूलाई आफ्नो जीवन र पेशालाई सूक्ष्मव्यवस्थापन गर्न तयार गर्दैन। किनकि यसले आवश्यक क्षेत्रहरूबारे पर्याप्त साक्षरता सिर्जना गर्दैन। तर, हाम्रो शिक्षाविरोधी राजनीतिक प्रणाली र सांस्कृतिक उद्योगहरूले मानिसहरूलाई अज्ञानी रहन आकर्षित गर्दछ।

हामी राजनीतिज्ञ वा सामाजिक कार्यकर्ताले कुनै पनि शिक्षा विरोधी भाषण सजिलैसँग स्वीकार गर्दछौं। तर, हामी जान्दैनौं कि यसले हाम्रो समाजको विकासमा बाधा पुऱ्याइरहेको छ। उनीहरूले शिक्षा नीतिलाई राष्ट्रिय आवश्यकता अनुरुपको होइन। तर, दूतावासहरू र उनीहरूका अन्तर्राष्ट्रिय विश्वविद्यालय र प्रकाशनहरूबाट प्रभावित हुने पाठ्यक्रम थोपाएर सशक्तिकरण प्रतिबन्ध गर्न शिक्षा नीति बनाउँछन्। कोरोना महामारीको क्रममा शिक्षा क्षेत्र फेरि खोल्न कम प्राथमिकता दिइएको छ। यसले शिक्षाप्रति सरकारको लापरवाही देखाउँदछ। वैदेशिक कोषलाई आकर्षित गर्न उन्मुक्त नक्कली सक्रियताले नागरिकहरूलाई प्रभाव पार्दै र असक्षम पार्दैछ। तर, के यो रकम वास्तवमै नागरिक सशक्तिकरणमा प्रयोग भएको हो ? के हामी यसको बारेमा कुनै अनुसन्धान गर्दैछौं ? यहाँ पनि ध्यान दिनुपर्छ।

Dubai मा अफिस ब्वाई, मर्चेन्डाईजर, महिला तथा पुरुष सेक्युरिटी गार्डहरूलाई, रोजगार

२.कम्पनी **Deyaar Facilities Management LLC, UAE**

पूर्व स्वीकृती मिति २०७६।१०।०७ | चलानी नं. ६०१५२२०६ | LT.No. 234471

सि.नं.	कामदारको पद	माग संख्या	महिला	मासिक तलब AED	मासिक तलब के.रु.	हप्ताका काम गर्ने दिन	दिनका काम गर्ने घण्टा	ओभर टाइम सुविधा	वार्षिक बिदा	खाना सुविधा	बस सुविधा	करार अवधि
1	Security Guards/Guards	100	कामना छन	1200	३८,८००	६ दिन	८ घण्टा	क. नि. अनुसार	क. नि. अनुसार	छ		२ वर्ष
2	Cleaners	100		800	२५,६००							
3	Office Boy	50		900	२८,८००							

नोट: १. अफिस ब्वाई, मर्चेन्डाईसर र सेक्युरिटी गार्डको हकमा अग्रेजी भाषा राम्रोसंग जान्ने हुनु पर्दछ ।
२. उचाई कम्तिमा ५ फिट ४ इन्च भन्दा माथि हुनु पर्नेछ ।

२.कम्पनी **ABU Dhabi Berkeley Services LLC, Abu Dhabi, UAE**

पूर्व स्वीकृती मिति २०७६।१०।२७ | चलानी नं. ६०१५२०२३ | LT.No. 232815

	कामदारको पद	माग संख्या पुरुष	महिला	बोनस	मासिक तलब AED	मासिक तलब के.रु.	हप्ताका काम गर्ने दिन	दिनका काम गर्ने घण्टा	ओभर टाइम सुविधा	वार्षिक बिदा	खाना सुविधा	बस सुविधा	करार अवधि
1	Cleaner	150	50	कानमा अनुभव	800	२५,६००	६ दिन	८ घण्टा	क. नि. अनुसार		छ		२ वर्ष

नोट: १. क्लिनरको हकमा उमेर १८ देखि ४५ वर्ष नजाघेको हुन हुनु पर्नेछ ।

स्वेछाले गरिने नि:मेडिकल कार्य कसले दिने र कति लाग्ने	रोजगार कम्पनीले मेडिकल कार्य दिने/नदिने	स्वेछाले गरिने बीमा कसले व्यहोर्ने र कति लाग्ने	रोजगारमा बीमा हुने/नहुने र प्रिमियम कसले व्यहोर्ने	कामकालाई हवाई टिकट कसले दिने र कति लाग्ने	भीषा शुल्क कसले व्यहोर्ने रोजगारदाताले	भीषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने	अभिमुखीकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने	कल्याणकारी कोष सम्बन्धी व्यवस्था	सेवाशुल्क कति लाग्ने र कसले व्यहोर्ने
कामदारले दिने	रोजगारदाताले व्यहोर्ने	कामदार आफै	बिमा हुने प्रिमियम रोजगारदाताले	रोजगार दाताले व्यहोर्ने	रोजगार दाताले व्यहोर्ने	कामदार आफैले	रु ७००/- कामदारले दिने	रु ५५.००/- कामदारले दिने	निःशुल्क

फाईनल अन्तवार्ता सम्बन्धित कम्पनीको प्रतिनिधिबाट शाखा कार्यालय बिर्तामोडमा मिति २०७७ असोज १८ गते (4 Oct., 2020) मा र काठमाण्डौमा मिति २०७७ असोज १९ गते (5 Oct., 2020) मा हुनेछ ।

वैदेशिक रोजगार विभागबाट जारीएको जानकारी :- (१) जारुलो नामका भिन्न प्राप्त भई आने निश्चित भएपछिमात्र कम्पनीका नई रकम बुझाउनु होला। बुझाएको रकमको भर्पाई अनिवार्य राख्ना लिनु होला। (२) आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक निकायसंग सम्पर्क राख्ना र फोन नम्बरहरु सकम राख्नुहोला। आफु बहिरालामा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ। (३) यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कमैलाई नदिनु होला। (४) विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनु होला। (५) विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी,पेशा सेवा, सुविधा र जस्ता कार्य बारे राम्रो पहेर मात्र सम्झौतामा हस्ताक्षर गर्नु होला। नै को १ प्रति अफलुन राख्नु होला। (६) कामका लिंदा जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी,पेशा सेवा, सुविधा र जस्ता कार्य बारे राम्रो पहेर मात्र सम्झौतामा हस्ताक्षर गर्नु होला। नै को १ प्रति अफलुन राख्नु होला। (७) कामका लिंदा नाका नेपालकै एयरपोर्ट प्रयोग गर्नु होला। अन्यथा ठगिने सम्भावना हुन्छ। (७) यस विज्ञापन सम्बन्धमा थप केही कुरालु पर वैदेशिक रोजगार विभाग, बुद्धनगरमा सम्पर्क राख्नु होला।

शिवाकोटी मेनपावर सर्भिस प्रा. लि.

सामाखुशी रिङ्गरोड, काठमाडौं । सम्पर्क: ०१-४३८७४५१, ४३८७४५२
शाखा कार्यालय बिर्तामोड:- ०२३-५४१०६०, ५४०४१७, ५४५३३८८, मो. ९८०१०३३४७७
९८०१०३३४७२, ९८०१०२३८१३, ९८०१०३३४७५,९८०१०३३४७०, ९८०१०३३४७४
(श्रम इजाजत नं. ८०६।०६५/६६)
email: pr@siwakoti.com, siwakoti806@gmail.com

हार्दिक बधाई

सहारा नेपालका सचिव एवम् कार्यकारी प्रमुख, सामाजिक अभियन्ता तथा हाम्रा अभिभावक **श्री महेन्द्रकुमार गिरी** संविधान दिवस २०७७को अवसरमा **समाज सेवा रत्न पदक**द्वारा विभुषित हुनु हुने घोषणा भएको सुखद् अवसरमा हार्दिक बधाई ज्ञापन गर्दछौं । साथै विभिन्न सामाजिक संघ-संस्थाहरूमा उहाँको आबद्धता र योगदान अझै प्रभावकारी र उत्कृष्ट हुन सकोस् भन्ने शुभेच्छा प्रकट गर्दछौं ।

शुभलक्ष्मी सहारा महिला बचत समूह
समूह नं. ८०, बिर्तामोड-१, झापा

गमला चाहिएमा

घर कम्पाउण्डमा फूल रोप्न, बगैंचा सजाउन साथै सागसब्जी कौशीखेतीका लागि अति उपयोगी कंक्रिटका शानदार गमला सुपथ मूल्यमा चाहिएमा हामीलाई सम्पर्क गर्नुहोस् । धेरै संख्यामा लिनेलाई डेलिभरीको पनि व्यवस्था छ ।

सम्पर्क: भूपाल कार्की
९८०१४०४०००
९८१६६४१५७३
अर्जुनधारा-५, विहीवारे बजार लक्ष्मीपुर

बिर्तामोड नगरपालिका

नगर कार्यपालिकाको कार्यालय
बिर्तामोड, झापा प्रदेश नं. १ नेपाल

सँधियार नाममा जारी गरिएको सात दिने सूचना

मिति: २०७७/०५/२५

साविक अनारमनी न.उ.गा.वि.स.साविक चारपाने गा.वि.स. साविक अनारमनी गा.वि.स. वार्ड नं. २ हाल बिर्तामोड न.पा. वार्ड नं. २ बस्ने श्री धनकुमारी सापकोटाको निजका नाममा दर्ता कायम रहेको तपशिल बमोजिम जग्गा भवन निर्माण नक्सा पास तथा निर्माण कार्यको अनुमति पाउँ भनी निवेदन तथा घर नक्सा पेश गर्नु भएकोमा तपाई सँधियारको उपस्थिति नरहेको हुँदा स्थानीय स्वायत्त शासन ऐन २०५५ को उप दफा १ च प्रयोजनका लागि यो ७ दिने सूचना प्रकाशित गरिएको छ ।

१) पूर्वतर्फ श्री २) पश्चिमतर्फ श्री ईश्वरीप्रसाद राजवंशी
३) उत्तर तर्फ श्री ममता राजवंशी ४) दक्षिणतर्फ श्री डिल्लीराम संग्रौला

को जग्गा लगायत सार्वजनिक हानी-नोक्सानी हुन्छ वा हुँदैन । यदि हुन्छ भने यो सूचना प्रकाशित मितिले तपाई ७ दिनभित्र प्रमाणसहित आउनुहाला । अन्यथा नियम बमोजिम भई जानेछ ।

जग्गा रहेको स्थान	सिट नं.	कि.नं.	क्षेत्रफल	नक्सा दर्ता	प्रकाशित	सर्जमिन
बिर्तामोड नपा-२		१७४६,१७७१	१३१.२३	२०७६।१०।०६	२०७६।१०।०६	२०७७।०५।२४

बिर्तामोड नगरपालिका

नगर कार्यपालिकाको कार्यालय
बिर्तामोड, झापा प्रदेश नं. १ नेपाल

सँधियार नाममा जारी गरिएको सात दिने सूचना

मिति: २०७७/०६/०४

साविक अनारमनी न.उ.गा.वि.स.वार्ड नं. २ हाल बिर्तामोड न.पा. वार्ड नं. ४ बस्ने श्री भवानी रिजालको निजको नाममा दर्ता कायम रहेको तपशिल बमोजिम जग्गा भवन निर्माण नक्सा पास तथा निर्माण कार्यको अनुमति पाउँ भनी निवेदन तथा घर नक्सा पेश गर्नु भएकोमा तपाई सँधियारको उपस्थिति नरहेको हुँदा स्थानीय स्वायत्त शासन ऐन २०५५ को उप दफा १ च प्रयोजनका लागि यो ७ दिने सूचना प्रकाशित गरिएको छ ।

१) पूर्वतर्फ श्री २) पश्चिमतर्फ श्री
३) उत्तर तर्फ श्री ४) दक्षिणतर्फ श्री निर्मला शर्मा

को जग्गा लगायत सार्वजनिक हानी-नोक्सानी हुन्छ वा हुँदैन । यदि हुन्छ भने यो सूचना प्रकाशित मितिले तपाई ७ दिनभित्र प्रमाणसहित आउनुहाला । अन्यथा नियम बमोजिम भई जानेछ ।

जग्गा रहेको स्थान	सिट नं.	कि.नं.	क्षेत्रफल	नक्सा दर्ता	प्रकाशित	सर्जमिन
बिर्तामोड नपा-४		२४७१	१०१५.९८	२०७६।०६।०५	२०७६।०६।०५	२०७६।१०।०५

भूमिसुधार कार्यालय भद्रपुर, झापाको

मोही हकदावी सम्बन्धी सूचना

निम्न लिखित विवरण भएको जग्गाको जग्गाधनीबाट मोहीले उक्त जग्गा जोतभोग गर्न छाडेको/बेपत्ता भएकोले मोहीको लगतकट्टा गरिपाउँ भनी यस कार्यालयमा निवेदन पर्न आएकोले विशेष अदालत ऐन २०५९को दफा १०(९) बमोजिम यो सूचना प्रकाशित गरिएको छ । यस उपर कुनै दावी विरोध भएमा यो सूचना प्रकाशित भएको मितिले ३० दिनभित्र आवश्यक प्रमाणसहित यस कार्यालयमा निवेदन दिनुहोला । तोकिएको समय अवधिभित्र विरोध नभएमा भू.सू. ऐन २०२१ बमोजिम मोही लगत कट्टा भई जाने व्यहोरा समेत यसै सूचनाद्वारा जानकारी गराइन्छ ।

जग्गाधनीको विवरण	जग्गा ठेगाना	कि.नं.	क्षेत्रफल	मोहीको नाम, थर
औद्योगिक क्षेत्र व्यस्थापन लि.	राजघाट- ५ "	१४४ १४६	०-८-० ०-७-०	भुईचाली ताजपुरिया "
दुर्गाप्रसाद सिटौला	पाँचगाछी-१	१४४१ १४४२ १३८३	०-७-९	किङ रिङ मगर , किङ रिङ भन्ने मगर
कृष्णबहादुर बराल	चारपाने-१	२०१७६	०-०-१०	सताल चौधरी
कुलबहादुर बराल	चारपाने-१	२०१७७	०-१-३	सताल चौधरी
सिथादेवी बराल	चारपाने-१	२०१७५	०-०-१	सताल चौधरी
"	"	२७८०	०-०-६	कसम खम्बु, खम्बु दनुवार
भिमकुमारी राई	दुवागढी-६	२३१२	०-०-१०	मैया राजवंशी
अमर राजवंशी	जुरोपानी-९	१८४२	११४०.००	धरेलु राजवंशी
देवीप्रसाद अधिकारी	कोहवरा- १	२२	५३५०.००	ठूलो ठाकुर सतार
मुना श्रेष्ठ मगर	गौरीगंज- ५	२५७०	३३८६.३०	चन्द्र सतार,वेनी लाल रा.व.
कृष्णबहादुर श्रेष्ठ	गौरीगंज-८	१६१४	८४६.५७	भल्लु राजवंशी
"	गौरीगंज-५	२५७२	२८१७.६६	चन्द्र सतार,वेनी लाल रा.व
चन्द्रमाया श्रेष्ठ	गौरीगंज-५	२५७१	२७०९.०५	चन्द्र सतार,वेनी लाल रा.व

साझा सेफ्टी ट्याङ्की तथा ढल सरसफाई

झापामै पहिलोपटक भ्याकुम सिष्टमको ठूलो र सस्तो ढल तथा सेफ्टी ट्याङ्की सरसफाईको लागि हामीलाई सम्झनुहोस् ।

सम्पर्क: ९८१४९९३७१२, ९८०६०८३८७६, ९८२४९८११७४

सेफ्टी ट्याङ्की तथा ढल सफाई

अत्याधुनिक ट्रर्वो (Trabo) प्रविधि सिस्टमको ठूलो ट्याकीबाट सस्तोमा दुगर्न्धरहित हजुरहरुको सेफ्टी ट्यांकी सरसफाई गर्नु परेमा हामीलाई सम्झनुहोस् ।

'चट्ट फोट झट्ट सेवा'

सम्पर्क: ०२३-५५०६२०
९८४२६५५७००, ९८०४९३८१००,
९८०७९३०७४०, ९८१७९२९३९४

पायल्स तथा हाडजोर्नी

दक्ष तथा अनुभवी डाक्टरद्वारा दैनिक चेक । पायल्स, कठजीयत, नशा च्यापिएको, थाइराइड, गुप्त रोगहरु, प्यारालाइसीस, बाथ, फिसर, फिगटुला, पिनास, सुगर, प्रेसर लगायत सम्पूर्ण रोग ।

बिर्ता आयुर्वेद एण्ड फिजीयोथेरापी
अदुवा खोला छेउ, बिर्तामोड
फोन: ०२३-५९०१६६,
९८०६०००३१३, ९८४२७१६५८८

पायल्स तथा स्त्री रोग सम्बन्धी समस्याले सतायो ?

चिन्ता नलिनुहोस् । अब प्रत्येक दिन रवीन आयुर्वेदिक फार्मेसी बिर्तामोडबाट पायल्स, फिसर, फिष्टुला, कब्जियत, दिसाबाट रगत बग्ने, मलद्वार चिलाउने, मलद्वार दुख्ने, मलद्वारबाट पिप बग्ने, मलद्वारमा मासु पलाएको, मलद्वार सम्बन्धी सम्पूर्ण रोग तथा महिलाहरुको महिनाबारी गढबढी, तल्लो पेट दुख्ने, स्तनको गाँठागुठी, यौन रोग, नि:सन्तान दम्पत्ति एवम् महिलाहरुको सम्पूर्ण रोगहरुको लागि महिला डाक्टर अहिल्या मैनालीद्वारा दैनिक उपचार सेवा शुरु भई रहेको हुनाले सम्बन्धित रोगी विरामीहरुले सम्पर्क गर्नु हुन अनुरोध गरिन्छ ।

रवीन आयुर्वेदिक फार्मेसी
अदुवा खोला पुल पश्चिम दक्षिण, बिर्तामोड
फोन नं. ०२३-५४१०१०, ९८५२६७३१२१

टाटा सुमो गाडी भाडामा चाहिएमा

बितामोडदेखि पशुपतिनगर र पशुपतिनगरबाट बिर्तामोड दैनिक यात्रा साथै रिजर्भका लागि १० सिट भएको टाटा सुमो गाडी चाहिएमा सम्पर्क गर्नुहोला ।

मो. ९८१५९५२४९९
९८४१३२१४६४

आवश्यक

एक सेनेटरी प्याड उत्पादन गर्ने कम्पनीलाई निम्न कर्मचारी चाहियो ।
पद : मार्केटिङ
सेल्स : महिला/पुरुष
तलब : कमिशन बेसमा

कञ्चनजंघा हस्पिटल ई.प्रा.लि.
९८०१४२३६४८, ९८०१४२३६४४

कर्मचारी आवश्यकता

बिर्तामोडस्थित एक होटलका लागि निम्न कर्मचारी तु-आवश्यकता ।
कुक- २ जना वेटर- १ जना
हेल्पर- १ जना (महिलालाई प्राथमिकता)

सम्पर्क: ९८१४०१५१०४,
०२३-५४५४५७

सेक्युरिटी गार्ड चाहियो

सुरक्षा गार्डहरुका लागि जागीर खुल्यो बिर्तामोड लगायत झापाका विभिन्न स्थानका लागि पूर्व नेपाली सेना तथा पूर्व प्रहरी सेवामा काम गरेका केही सुरक्षा गार्डहरु आवश्यक परेको हुँदा शीघ्र सम्पर्क राख्नुहोला ।
भरपर्दो सुरक्षा गार्ड सेवाको लागि सेक्टर वान सेक्युरिटी सर्भिस बिर्तामोडलाई सम्झनुहोस् ।
उमेर : २६ देखि ४८ सम्म
सम्पर्क : ९८२४९८२२९६ (गोविन्द)
९८४४६९८३४० (रामकुमार)

छापाखाना

बिभिन्न किसिमको विवाह कार्ड उपलब्ध छ
फोटोकपि | स्टाम (छाप) | अफसेट प्रिन्ट | स्क्रीन प्रिन्ट | फ्लेक्स प्रिन्ट | होर्डिङ्ग बोर्ड | लेमिनेशन | डिजिटल प्रिन्ट | लगायत छपाई सम्बन्धि सम्पूर्ण काम गरिन्छ
लेमिनेशन भिजिटिङ कार्ड चाहिएको छ, हामिलाइ सम्झनुहोस
७ बार १२ महिना सञ्चालनमा
घिमिरे अफसेट प्रेस बिर्तामोडमा
श्रुतिधिसुदन उत्तरपट्टिको घर
फोन नं. ०२३-५४२१५९,
९८४२६२५३५३/९८१४०३६३४४

कर्मचारी आवश्यकता

सेल्स/मार्केटिङ : १५ महिला/पुरुष
काम गर्ने स्थान: काँकरभिट्टा, चारआली धाइजन, सुरुङ्गा, चारपाने, चन्द्रगढी, भद्रपुर, बिर्तामोड ।
तलब: *१२,६००+कमिशन+बोनस*
घरमा काम गर्ने : १ जना (महिला)
(खान/बस्न सुविधा छ)

Nepal Jobs Care Service Pvt. Ltd.
मो. ९८२६९२०००१, ०२३-५४६६८३

हार्दिक श्रद्धाञ्जलि/कृतज्ञता

जन्म : १९९९/०२/१५
निधन : २०७७/०६/०१

स्व. गंगाबहादुर पुरी

हाम्रा प्रात: स्मरणीय पति/बुवा तथा हजुरबुवा **गंगाबहादुर पुरी**को यही मिति २०७७ असोज १ गते बिहीबारका दिन भएको असामयिक निधनले हामीलाई अत्यन्त मर्माहत एवम् स्तब्ध बनाएको छ । वियोगको यो क्षणमा दिवंगत आत्माको चिर शान्तिको कामना गर्दै भावपूर्ण श्रद्धाञ्जलि अर्पण गर्दछौं । पितृ वियोगको यस दु:खद् क्षणमा हामीप्रति सहानुभूति/समवेदना प्रकट गर्नुहुने सम्पूर्ण इष्टमित्र, कुलकुटुम्ब, छरछिमेकी, संघ-संस्था, नातागोता एवम् मलामीजनप्रति कृतज्ञता व्यक्त गर्दै भोलि असोज १३ गते हुने १३औं दिनको पुण्यतिथिमा उपस्थित भई पितृप्रसाद ग्रहण गरिदिनु हुन सम्पूर्णमा हार्दिक निमन्त्रणा गर्दछौं ।

धर्मपत्नी : धनमाया पुरी

छोरा/बुहारीहरु	छोरी/ज्वाइँहरु	
तुलाराम-पुजन पुरी	तिलमाया गिरी	उषा मैनाली
टीकाराम-भावना पुरी	देवी-शशी गिरी	मनु-अरुण गिरी
	सीता गिरी	मैया-राम गिरी

लगायत २४ नाति/नातिनी, १२ पनाति/पनातिनी, १ खनाती
एवम् **समस्त पुरी पुरिवार**
बिर्तामोड, झापा

भर्ना खुल्यो ! भर्ना खुल्यो !! भर्ना खुल्यो !!!

प्राविधिक शिक्षा तथा व्यवसायिक तालिम परिषद् (CTEVT) र नरबहादुर कर्माचार्य स्मृति प्रतिष्ठानको संयुक्त साझेदारीमा स्थापित

नरबहादुर कर्माचार्य स्मृति प्रतिष्ठान

बिर्तामोड नगरपालिका-४, झापामा

यसै शैक्षिक सत्र २०७७/०७८ देखि तल उल्लेखित विभिन्न प्राविधिक विषयहरुमा एस.ई.ई पास भएका विद्यार्थीहरुलाई भर्ना लिइँदैछ ।
फारम वितरण : धमाधम भइरहेको छ ।
फारम पाइने र बुझउने स्थान : CTEVT को website: www.ctevt.ort.np बाट डाउनलोड गरी वा प्रतिष्ठानबाट लिइ रितपूर्वक भरी प्रतिष्ठानमा बुझाउनुपर्नेछ । **फारम बुझाउने अन्तिम मिति :** २०७७ आश्विन १५ गते बिहीबारसम्म ।

सञ्चालित कार्यक्रमहरु
डिप्लोमा तह
- Isc.Ag.Plant Science (बाली विज्ञान ३ बर्षे)
- Isc.Ag. Animal Science (पशु विज्ञान ३ बर्षे)
- Diploma in Forestry (वन विज्ञान ३ बर्षे)

हाम्रा विशेषताहरु:
- मल्टिमिडिया प्रोजेक्टर तथा स्मार्ट वोर्डसहित सुविधासम्पन्न कक्षा कोठाहरु भएको ।
- अनुभवी तथा विषयविज्ञ प्रशिक्षकहरुद्वारा कक्षा सञ्चालन गरिने ।
- पशु विज्ञानका लागि पर्याप्त मात्रामा (पशु पंक्षी, माछा पालन र डेली ल्यावको व्यवस्था भएको छ ।
- वाली विज्ञानको लागि पर्याप्त मात्रामा कृषि फिल्डको व्यवस्था भएको ।
- वन विज्ञानको लागि पर्याप्त मात्रामा वन जंगलको व्यवस्था भएको ।
- व्यवस्थित छात्रावासको व्यवस्था भएको ।
- व्यवस्थित तथा सुविधासम्पन्न प्रयोगशाला (ल्याव) भएको ।
- विपन्न तथा जेहेन्दार विशेष छात्रवृत्तितर्फ कोटा निर्धारण गरिएको ।
- अनुशासन मर्यादालाई गम्भीर रुपमा पालना गर्दै/गराउँदै असल संस्कारको विकास गराउने ।
- नेपाल सरकार अन्तर्गत सेवा पाँचौं तहको मान्यता प्राप्त हुने ।

थप जानकारीका लागि : **नरबहादुर कर्माचार्य स्मृति प्रतिष्ठान**
बिर्तामोड-४, झापा (फोन: ०२३-५९०८२३/ ९८५२६७५१९७/ ९८४२६२५३८१/ ९८४२७००४२०/ ९८०५३०००४६)
E-mail: nbkmfbm4@gmail.com

ज्यो. मधुसूदन रिजाल
(स्वर्णपदक विजेता)
वैदिक ज्योतिष परामर्श केन्द्र
शनिश्चरे रोड, बिर्तामोड (९८४२०५७४९९)

मेष (चु, चे, चो, ला, लि, लु, ले, लो, अ) - शुभचिन्तकहरूले साथ दिनेछन् भने चिताएका काम सजिलै सम्पादन हुनेछन् । सुख समाचारले आजको दिन उत्साहपूर्ण रहनेछ ।
बृष (इ, उ, ए, ओ, बा, बि, बु, बे, बो) - अध्ययनको लगावले बौद्धिक क्षेत्र फराकिलो बन्नेछ । सहपाठीहरूलाई उछिन्दै विशेष अवसर प्राप्त गर्ने समय छ ।
मिथुन (का, कि, कु, घ, ङ, छ, के, को, ह) - मेहनतले प्रतिष्ठित काम सम्पादन गर्ने मौका दिलाउनेछ । व्यापारमा धेरै फाइदा नभए पनि लाभांश अवश्यै प्राप्त हुनेछ ।
कर्कट (हि, हु, हे, हो, डा, डि, डु, डे, डो) - नियमित काम सम्पादन भए पनि पारिवारिक मतभेदले व्यवधान निम्त्याउन सक्छ । अनावश्यक साइनो गाँस्नेहरूसँग सावधान रहनुहोला ।
सिंह (मा, मि, मु, मे, मो, टा, टि, टु, टे) - निर्णायक मोडमा दुविधा उत्पन्न हुने समय रहेकाले सजग रहनुपर्ला । बेसुरमा वचन दिने बानीले अप्ठ्यारो पर्न सक्छ ।
कन्या (टो, प, पि, पु, ष, ण, ठ, पे, पो) - महत्वाकांक्षी योजना सार्वजनिक नगर्नुहोला । हिस्सेदारसँग असमझदारी बढ्नाले सम्झौता भंग हुन सक्छ ।
तुला (र, रि, रु, रे, रो, ता, ति, तु, ते) - छोटो समयमा विशेष उपलब्धि हातलागी हुनेछ । विभिन्न स्रोत-साधन प्राप्त हुनेछन् भने गरिएका कर्मको उचित प्रतिफल प्राप्त हुनेछ ।
बृश्चिक (तो, ना, नि, नु, ने, नो, या, यि, यु) - नगद जुट्नाले दैनिकीमा परिवर्तन आउला । रोकिएका काम बन्ने र नयाँ काम सुरु गर्ने समय छ ।
धनु (ये, यो, भ, भि, भु, ध, फा, ढ, भे) - उद्योग र व्यापारमा विशेष फाइदा हुनेछ । शत्रु र प्रतिस्पर्धीलाई सजिलै हराउन सकिनेछ । नौलो प्रकृतिको काम शुभारम्भ गर्ने मौका छ ।
मकर (भो, ज, जि, खि, खु, खे, खो, गा, गि) - बुद्धिको उपयोगले विद्या तथा धन आर्जन हुनेछ भने सानो प्रयत्नले ठूलो काम बन्नेछ । मेहनतले सम्मानित स्थान दिलाउनेछ ।
कुम्भ (गु, गे, गो, सा, सि, सु, से, सो, द) - आम्दानीका स्रोत बढ्नुका साथै दिगो फाइदा हुने काममा सम्झौता गर्ने समय छ । मान-सम्मान प्राप्त हुने समय छ ।
मीन (दि, दु, थ, झ, ञ, दे, दो, च, चि) - बौद्धिक क्रियाकलापले ठूलो अवसर दिलाउन सक्छ । बोलीको प्रभाव बढ्नेछ भने अभिव्यक्ति कलालाई निखार्ने अवसर प्राप्त हुनेछ ।